नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## काठमाडौँ

(प्रशासन शाखा)

प.सं. :- ०७७/७८ मिति :- २०७७/०४/२३

च.नं. :- ३३२

## सूचना !!!

करिब तीन महिनासम्म देशभर रहेको लकडाउन अन्त्य गरी सार्वजनिक सेवा प्रवाहलाई सूचारु गराउने नेपाल सरकार मन्त्रपरिषद्को निर्णयसँगै मिति २०७७ असार १ बाट जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट सम्पूर्ण सेवाहरु नियमित रुपमा सूचारु गरिदै आइएको सर्वविदितै छ । सेवा प्रवाह गर्दा गृह मन्त्रालयबाट जारी गरिएको बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड, २०७७ अनुसारको आवतजावत गर्दा वा कार्यस्थलमा कार्यरत रहँदा न्यूनतम दुई मिटरको सामाजिक दूरी कायम गर्ने/गराउने, तोकिएको वस्तु वा सेवाको कारोबार गर्दा वा कार्यस्थलमा कामकाज गर्दा, सेवा प्रवाह एवं आवतजावत लगायतका कार्यमा संलग्न रहने व्यक्तिहरुले अनिवार्य रुपमा मास्क प्रयोग गर्नुपर्ने, स्यानिटाइजर साथमा राख्ने र प्रयोग गर्ने लगायतका मापदण्डको कडाइका साथ पालना गर्दै आइएको भएतापनि कार्यालयमा सेवाग्राहीको भीडभाड अत्याधिक बढेको र कार्यालयबाटै कोभिड-१९ को संक्रमण सर्वासाधारणमा फैलिन सक्ने जोखिम बढेका कारण मिति २०७७/०४/२५ गतेबाट मिति २०७७/०५/०८ गते सम्मको लागि यस कार्यालयबाट नियमित गरिने अत्यावश्यक सेवाहरु बाहेक निम्नानुसारका सेवाहरु हाललाई स्थगित गरिएको व्यहोरा मिति २०७७/०४/२३ गतेको उपत्यकाका तीनवटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय र सरोकारवाला निकायका प्रमुखहरुको बैठकको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

**नियमित सञ्चालनमा रहने सेवाहरु**

- शान्ति सुरक्षा सम्बन्धी सेवा
- ठाडो निवेदन र उजुरी सम्बन्धी
- मुद्दा सम्बन्धि कार्य
- अत्यावश्यक कामको लागि सवारी पास सम्बन्धी कार्य
- विपद् व्यवस्थापन सम्बन्धी कार्य

कार्यालयको ठेगाना :बबरमहल ,काठमाडौं, नेपाल ।

फोन नं .०१-४२६२४७८ ,०१-४२६२८२८ ,०१-४२६२४४८ ,०१-४२४८९८५, फ्याक्स नं .०१-४२६२८२८

इमेल :daobabarmahal@gmail.com वेबसाइटः daokathmandu.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## काठमाडौं
(प्रशासन शाखा)

**हाललाई स्थगित गरिएका सेवाहरु**

- नयाँ नेपाली नागरिकता वितरण
- नागरिकता प्रतिलिपि वितरण
- हातहतियार दर्ता/नविकरण
- संस्था दर्ता/पत्रपत्रिका दर्ता साथै नविकरण सम्बन्धी कार्य
- निजी सुरक्षा क़म्पनि नविकरण
- राहदानी वितरण
- नाबालिग परिचयपत्र वितरण
- अन्य अत्याश्यक नभएका सेवाहरु

अत्यावश्यक सेवाका लागि जिल्ला प्रशासन कार्यालय परिसरमा प्रवेश गर्ने सेवाग्राही वा व्यक्तिले नेपाल सरकारले तोकेका स्वास्थ्य सम्बन्धी मापदण्ड पुरा गरी अनिवार्य माक्सको प्रयोग गरी आउनुपर्नेछ साथै परिसरभित्र रहेको स्यानिटाइजरको प्रयोग गर्ने वा साबुन पानीले नियमित हात धुने गर्नुपर्नेछ । अनावश्यक भिडभाड नगरी सामाजिक भौतिक दूरी कायम राख्न साथै कोरोनाको लक्षण देखिएमा वा शंका लागेमा नेपाल सरकारले तोकेका स्वास्थ्य संस्थामा गई परीक्षण समेत गर्न समेत जानकारी गराइन्छ । स्वास्थ्य मापदण्ड बमोजिम नगरेमा संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

(कमल प्रसाद पाण्डे)
प्रशासकीय अधिकृत

कार्यालयको ठेगाना :बबरमहल ,काठमाडौं, नेपाल ।
फोन नं .०१-४२६२४७८ ,०१-४२६२८२८ ,०१-४२६२४४८ ,०१-४२४८९८५, फ्याक्स नं .०१-४२६२८२८
इमेल :daobabarmahal@gmail.com वेवसाइटः daokathmandu.moha.gov.np